राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ्ग, मकवानपुर बागमती प्रदेश, नेपाल

**राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय**

**२०७८ साल कार्तिक २५ गते विहीबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ६९औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त यस गाउँपालिकाको लागि स्विकृत दरबन्दी अनुसार हालसम्म पदपूर्ति भई रिक्त रहेका दरबन्दीहरुमा स्थायी नियुक्तिको लागि माग फाराम भरी पठाउन प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौडाको प.सं. ०७८/७९ च.नं. १५४ मिति २०७८/०७/१३ को प्राप्त पत्रबाट माग भई आएकोले संलग्न सूची वमोजिमको स्थायी दरवन्दी खुला द्वारा पद पूर्तीको लागि प्रदेश लोकसेवा आयोग, बागमती प्रदेश, हेटौडामा माग फाराम भरी पठाउने ।

अनुसूची-१
(नियम ३ को उपनियम (१) संग सम्बन्धीत)
रिक्त पदपूर्तिका लागि माग गर्दा भर्नुपर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगानाः राक्सिराङ्ग गाँउपालिकाको कार्यालय, चैनपुर, मकवानपुर

| सि. नं. | माग पदको नाम | पदको तह | सेवा, समुह, उपसमुह | स्थायी/ अस्थायी | आवश्यक न्यूनतम शैक्षिक योग्यता | | संक्षिप्त कार्य विवरण र उम्मेदवारले शुरुमा काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भै पूर्ति हुन बाँकि संख्या | | यस आ.ब.को माग नयाँ पद सृजना वा रिक्त भै माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुल्लाको लागि | बढुवाको लागि | | आ.व.को | आ.व.को | नयाँ पद सृजना | रिक्त | | |
| १ | असिस्टेन्ट-सव-ईन्जिनियर | चौथो | ईन्जि. | स्थायी | | | प्राविधिक कार्य/मकवानपुर | ०७६/७७ | ०७७/७८ | ✓ | | १ | |
| २ | सहायक | चौथो | प्रशासन | स्थायी | | | वडा कार्यालयको प्रशासनिक कार्य/मकवानपुर | ०७६/७७ | ०७७/७८ | ✓ | | १ | |

**निर्णय नं. २:** सूर्योदय मा.वि.छात्रावास भवन निर्माणको लागि ठेक्का नं. BLD/NCB/०३/०७६/७७ सहारा/ ग्रीन तारा जे/भी संग भएको सम्झौता अनुसार कार्य प्रारम्भ पश्चात पहिलो बीलमा P.S. रकम रु. ६८,७६२/ छुटेको र अन्तिम बीलमा पनि उक्त रकम समावेश नभएकोले सो रकम प्राप्तीको लागि माग भएको सम्बन्धमा बाकी रकम रु. ६८,७६२/ सहारा/ ग्रीन तारा जे/भी तथा यस गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गर्ने कार्यको लागि स्मार्ट पालिका प्रा.लि संग २०७७।११।२३ गतेको सम्झौता बमोजिम रु ९,९०,०००।०० मध्ये गत आ.व.मा २५ प्रतिशतले हुन आउने रु २,४७,५००।०० भुक्तानी भएको र यस आ.व.मा दायित्व सरेको बाँकी रकम रु ७,४२,५००।०० सम्बन्धित स्मार्ट पालिका प्रा लि लाई कार्य प्रगतिको आधारमा गाउँपालिकाको कोषबाट भुक्तानी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ३:** राक्सिराङ्ग गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७४ माथीको संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं ४:** नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णयानुसार प्रमाणित नदीजन्य पदार्थको मौज्दातको हकमा निम्नानुसार गर्ने,

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

(क) जिल्ला अनुगमन समितिको निर्णयानुसार बढी स्टक देखिएको जफत योग्य नदिजन्य पदार्थमा गाउँ कार्यपालिकाको ४८ औं बैठकको निर्णयका आधारमा मिति २०७८/०७/१५ को राजश्व परामर्श समितिको निर्णयले प्रति घन मिटर रु. ६०/०० (भ्याट बाहेक) का दरले जरीवाना असूल गर्ने निर्णय अनुमोदन गर्ने ।

(ख) जिल्ला अनुगमन समितिको निर्णयानुसार स्टक बढी देखिएको जफतयोग्य नदिजन्य पदार्थमा प्रति घनफिट रु. १०/१७ (मू.अ.कर समेत) का दरले मिति २०७८ कार्तिक २६ गतेबाट निकासीमा राजस्व संकलन गर्ने ।

(घ) जिल्ला अनुगमन समितिबाट स्टक प्रमाणित भएको परिमाण बराबरको नदिजन्य पदार्थ विक्री तथा निकासीको लागि गाउँपालिकाको २ जना कर्मचारी राखेर स्थानीय सुरक्षा निकाय समेतको सहयोग लिई ठेक्का सम्झौता नभएसम्मको लागि अमानतबाट राजश्व संकलन गर्ने प्रकृया अघि बढाउने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

प्र.प्र.अ.
०७८/६/२८
देव चन्द्र गतौला
प्रमुख प्रशासकीय अधिकृत